# तेस्रो गाउँसभाको बैठकमा उपाध्यक्ष श्री कुमारी देवी शर्माज्यूद्धारा प्रस्तुत
# आर्थिक वर्ष २०७५/०७६ को
# बार्षिक नीति तथा कार्यक्रम

नेचासल्यान गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
सोलुखुम्बु जिल्ला
प्रदेश नं. १
२०७५
२०७५/०३/१०

अध्यक्ष, महोदय
**गाउँसभाका सदस्यहरु,**

सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको प्रतिनिधि संस्था संविधानसभाबाट संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान घोषणा भई लागु भएपछि संविधानले सुनिश्चित गरेका प्रावधानहरुलाई व्यवहारतः रुपान्तरण गर्ने क्रममा स्थानीय तहको निर्वाचन, प्रदेश सभाको निर्वाचन र संघिय संसदको निर्वाचन सम्पन्न भई राजनीतिक संक्रमणको समाप्ती भएको छ । संघीय शासन व्यवस्थाको मर्म अनुरुपको राजनीतिक, आर्थिक, सामाजिक तथा वित्तिय स्वायत्तता सहितको स्थानीय तहको शासन सञ्चालन गर्न यस नेचासल्यान गाउँपालिकामा गाउँ कार्यपालिका तथा गाउँसभाको गठन भएको एक वर्ष व्यतित भइसकेको छ । नेचासल्यान गाउँपालिकाले पनि संविधानको मर्मलाई नियमन गर्न जनताको प्रत्यक्ष शासनलाई मुर्तरुप दिन जुन रुपमा गाउँपालिका बासीहरुले निर्वाचन कार्यमा सहभागी भई अमूल्य मत मार्फत हामीलाई निर्वाचित गराई तपाई हाम्रो विकास र समृद्धिमा हातेमालो गर्दै सेवा गर्ने अवसर प्रदान गर्नु भयो व्यवहारमा स्थानीय सरकारको अनुभूत गर्ने गरी हामी हाम्रो प्रतिवद्धता पुनः दोहोर्‍याउछौ । सार्वभौमसत्ता सम्पन्न यस गाउँपालिकाका जनताहरुबाट राज्य शक्तिको प्रयोग गर्ने वैधानिकता प्राप्त भएको यस गरिमामय सभामा गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म निकै हर्षित भएको छु र गौरवको अनुभूति गरेको छू ।

यस ऐतिहासिक अवसरमा लोकतान्त्रिक गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता, समावेशिता र सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने आदरणीय वीर सहिदहरु र अन्य सम्पूर्ण आदरणीय ज्ञात अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । नेपाली राजनीतिका शिखर व्यक्तित्वहरु पुष्पलाल श्रेष्ठ, विश्वेश्वरप्रसाद कोइराला, मदन भण्डारी, मनमोहन अधिकारी र गणेशमान सिहंलाई आदरपूर्वक स्मरण गर्दछु ।

संविधान जारी भएसँगै हामी नयाँ युगमा प्रवेश गरेका छौं । संविधान मार्फत राजनीतिक अधिकारहरुलाई संस्थागत गर्न सफल भएका छौं । संविधानले सम्पूर्ण नेपालीलाई सार्वभौमसत्ता सम्पन्न तुल्याएको छ । सबै प्रकारका विभेद र असमानतालाई अन्त गर्दै सबैलाई समान अधिकार, समान अवसर र समान मर्यादा प्रदान गरेको छ, साथै संघीयता र स्थानीय सरकार मार्फत “गाउँ गाउँमा सिंहदरबार”, “आफ्नो गाउँ आफैं बनाउ” जस्ता लोकप्रिय कार्यक्रम्हरुलाई मुर्तरुप दिने, समृद्धि, समानता र सबल राष्ट्रको आधार तयार गर्ने जिम्मेवारी हाम्रो काँधमा सुम्पिएको छ ।

**अध्यक्ष महोदय,**

“कृषि, पर्यटन, उर्जा, सहकारी र पूर्वाधार,
सुशासन र जवाफदेहिता समृद्धिको आधार ।”

यो हाम्रो लागि अवसर र चुनौति दुवै हो । तसर्थ यस नेचासल्यान गाउँपालिकामा तीव्र आर्थिक विकास र न्यायोचित वितरणका माध्यमबाट सामाजिक न्यायसहितको लोकतन्त्र र समतामूलक समाज निर्माण गर्दै **"सुखी नेपाली : समृद्ध नेपाल"** को लक्ष्य हासिल गर्नका लागि आधार तयार गरिनेछ ।

नेपालको संविधान मार्फत अधिकार, स्रोत साधन, बजेट, उत्तरदायित्व र जवाफदेहिता समेत स्थानीय तहमा स्थानान्तरण भई तल्लो निकायलाई अधिकारसम्पन्न बनाउने प्रयास गरिएको छ, जुन कुरा स्वागतयोग्य रहेको छ । त्यसैले म यस सम्मानित सभामा सगौरव सो कुराको जानकारी गराउन चाहन्छु ।

संविधानले परिकल्पना गरेअनुरुप सामाजिक न्याय र समाजवादको लक्ष्यमा पुग्न आर्थिक समृद्धिको चरणमा प्रवेश हुन जरुरी छ । हाम्रो लडाइँ सामाजिक न्याय सहितको समृद्धि हासिल गर्नका लागि अविकास, गरिबी र पछौटेपनको विरुद्ध केन्द्रित हुन जरुरी छ । तसर्थ उपलब्ध स्रोत र साधनको अधिकतम उपयोग गरी आर्थिक वृद्धि गर्ने, विकासको प्रतिफल सबैले प्राप्त गर्ने गरी साधन, स्रोत र अवसरको न्यायोचित वितरण गर्ने, दीगो विकासका लागि पूर्वाधार निर्माण गर्ने, वडागत सन्तुलन र विकासलाई सघाउ पुऱ्याउने र आम नेचासल्यान गाउँपालिकाबासीको अपनत्व र स्वामित्व हुने विकास आयोजनाहरुको कार्यान्वयन गर्ने दिशामा नेचासल्यान गाउँपालिकाको बजेट केन्द्रित हुनेछ । त्यसैको सेरोफेरोमा आधारित रहेर यो बजेट निर्माण भएको जानकारी गराउन चाहन्छु साथै यसै सन्दर्भमा अव म यस नेचासल्यान गाउँपालिकाको आर्थिक वर्ष २०७५।७६ को नीति तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**अध्यक्ष महोदय, उपस्थित सदस्य महानुभावहरु,**

१. विगत बीस वर्षदेखि स्थानीय निर्वाचन हुननसकी पन्ध्र बर्षदेखि जनप्रतिनिधिविहीन अवस्थाका कारण रिक्त रहेको स्थानीय निकायमा हाल स्थानीय तहको निर्वाचन भई स्थानीय तहहरुमा जनप्रतिनिधिविहीन अवस्थाको अन्त्य भएको छ । तर जनप्रतिनिधिको अभावमा आएका विभिन्न योजनागत तथा प्रशासनिक समस्याहरु यथावत देखिरहेका छन् यस्तो प्रवृतिको अन्त्यका लागि हामी सचेत छौ । अबका दिनमा नेचासल्यान गाउँपालिकाको स्थानीय सरकारले यस गाउँपालिकामा सर्वसाधारण जनताले प्रत्यक्ष अनुभूत गर्ने खालका योजना तर्जुमा गर्ने, स्थानीय जनतालाई योजना तर्जुमाका साथै कार्यान्वयनमा प्रत्यक्ष सहभागी गराउने, मागमा आधारित र यस क्षेत्रको माटो सुहाउँदो कार्यक्रम तथा विकासका गतिविधिहरु सञ्चालन गरी यस क्षेत्रका जनताको गरिवी न्यूनीकरण गर्ने प्रमुख नीति लिइएको छ ।

आर्थिक विकास :

*अध्यक्ष महोदय, उपस्थित सदस्य महानुभावहरु,*

१ **दश युवा एक उद्यम** भन्ने मुल नारालाई व्यवहारमा रुपान्तरण गर्दै युवाहरुलाई उद्यमशीलता, स्वरोजगार र आय आर्जनमा केन्द्रित गर्न छोटो र लामो अवधिको तालिम दिइनेछ ।

२. युवाहरुलाई रुपान्तरणका संवाहक र नेतृत्वका साझेदारको रुपमा विकास गर्दै सामाजिक,राजनीतिक र आर्थिक क्षेत्रका समग्र जिम्मेवारी दिएर युवा नेतृत्व विकास गर्दै युवाहरुको सिर्जनशीलता,उर्जा र संभावनाको विकासका लागि वातावरण निर्माण गरी हिंसा,दुर्व्यसन र अराजकतामा युवाहरुलाई दुरुपयोग गर्ने प्रवृत्तिलाई नियन्त्रित गरिने छ । साथै युवाहरुलाई श्रमसँग परिचित गराई श्रमप्रति आस्था जगाउने र श्रम गर्ने बानीको विकास गराउन पहल गरिने छ ।

३. आर्थिक विकासको महत्वपूर्ण आधार आर्थिक क्रियाकलाप हो । नयाँ संरचना निर्माण सँगै यस क्षेत्रको आर्थिक क्रियाकलापहरुमा उल्लेख्य बृद्धि हुने निश्चित छ । कृषि तथा अन्य गैर कृषि जन्य उत्पादनलाई प्रोत्साहन गरी आर्थिक तथा वित्तिय कारोबारहरुलाई व्यबस्थित एवं अनुशासित बनाउँदै यस क्षेत्रको उच्च आर्थिक बृद्धि हासिल गर्ने नीति लिईनेछ ।

४. गाउँस्तरमा विभिन्न समुहमार्फत वचत गर्ने वानी बसाल्ने, ऋण लिएर लगानी गर्ने लगायतका कार्यमा सहजता ल्याउन स्थानीय स्तरमा सहकारी संस्थाको एकिकरण  गठन गर्ने नीति लिइनेछ । वचत वृद्धि, पूँजी निर्माण, ऋण परिचालन मार्फत आम जनताको जीवनस्तरमा सुधार गर्ने तर्फ पहल गरिनेछ । बैंकिग तथा वित्तिय क्षेत्रको विकास तर्फ पहल गरिनेछ ।

५. गाउँपालिका क्षेत्रमा करको दायरालाई फराकिलो पार्न वन पैदावार, जडिबुटि, ढुङगा गिट्टी, वालुवाको प्रयोगलाई करको दायरामा ल्याइनेछ ।

६. खाद्य असुरक्षालाई न्यूनिकरण गर्न खाद्य सुरक्षा प्रतिकार्य योजना तयार गरी सोको प्रभावकारी कार्यान्वयन गरिनेछ ।

७ जडिबुटीको व्यवसायिक खेतीको सम्भाव्यता अध्ययन गरी सोही अनुरुपका कार्यक्रम तथा योजनाहरुलाई विशेष प्रोत्साहन दिइनेछ ।

८. लोपोन्मुख तथा मौलिक बाली संरक्षण, सम्बर्द्धन कार्यमा जोड दिने, यसका लागि विज बैंक स्थापना गरिनेछ ।

९. फलफूल र आलु भण्डारणका लागि सोलार तथा रष्टिक स्टोरको निमार्णका लागि यस गाउँपालिकामा कार्यरत संघसंस्थाहरुसँग समन्वय गरिनेछ ।

१०. जलवायू परिर्वतनबाट कृषि क्षेत्रमा पार्ने प्रभाव सम्बन्धि अध्ययन तथा अनुसन्धानमा जोड दिइनेछ ।

११. सामुदायिक सुन्तला बगैचा, किबी खेती, केरा खेतीको नमुना बगैचा, स्थापना गर्न प्रोत्साहन र तालिमको व्यवस्था गरिनेछ ।

१२. जैविक मल तथा जैविक विषादी उत्पादन गर्ने उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

१३. कम्तिमा ५० सुन्तलाको विरुवा अटाउने जग्गा भएका किसानहरुलाई सुन्तला आत्मनिर्भर कार्यक्रममा अनुदान दिने कुरामा जोड दिइने छ ।

१४. सुन्तला बगैचाभित्र उन्नत घाँस खेती गरि मासुजन्य र दूग्धजन्य पशुपालन उत्पादनमा वृद्धि गर्ने साथै व्यवस्थित बजारिकरण गरिनेछ ।

१५. आधुनिक व्यवसायिक बाखा, बंगुर फर्मको विकास गर्न प्रोत्साहन गरिनेछ ।

१६. हिउँदमा पशुहरुको आहारा आपूर्तिको लागि स्थानीय पोषिला घासँहरुको पहिचान संरक्षण स्थानीय स्रोत साधनबाट पौष्टिक आहारको प्रवर्द्धन गरिनेछ ।

१७. व्यवसायिक पंक्षिपालनलाई प्रोत्साहन तथा प्राथमिकता दिइनेछ ।

१८. व्यवसायिक पशुपालनको लागि गाउँपालिकामा कम्तिमा एक वटा घाँस नर्सरी, बिउको श्रोत केन्द्रको रुपमा विकाश गरिनेछ ।

१९. यसै वर्ष कम्तिमा एक वटा ५० रोपनी भन्दा बढी क्षेत्रफलमा व्यवसायीक नमुना कृषि फर्म संञ्चालन गर्न अनुदान सहित प्रक्रिया बढाइनेछ ।

२०. नेचासल्यान गाउँपालिकामा पशु स्वास्थ्य सेवा सुनिश्चित गर्न निजि पाराभेट एग्रोभेट र ग्रामिण स्वास्थ्य कार्यकर्ताहरु परिचालनमा गाउँपालिकाको संलग्नता बढाइनेछ ।

२१. वृहत सिंचाई र थोपा सिंचाई कार्यलाई व्यवस्थित गरिनेछ । साथै किसानको हकहित संरक्षण र सम्बर्द्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन प्लास्टिक टनेल, भू-उपयोग नीतिको अबलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवशायीकरण, औद्योगिकरण, विविधिकरण र आधुनिकीकरण गर्न पहल गरिने छ । पशुजन्य उत्पादन प्रोत्साहनका कार्यक्रमलाई प्राथमिकता साथ कार्यान्वयन गर्दै आर्थिक तथा सामाजिक रुपले पछि परेका कृषक केन्द्रित कार्यक्रमहरुलाई अझ प्रभावकारी रुपले सञ्चालन गरिनेछ ।

२२. नेचासल्यान गाउँपालिकालाई कृषि तथा पशुपालन पकेट क्षेत्र, तोकी कृषकहरुलाइ व्यवसायिक खेती तर्फ प्रोत्साहित गर्दै सोका लागी आवश्यक तालिम र अनुदानको व्यवस्था गरिनेछ ।

२३. **“हाम्रो गाउँको पर्यटन : हाम्रै गाउँको समृद्धि र पहिचानको साधन”** भन्ने नाराका साथ यस क्षेत्रका प्राकृतिक सम्पदाहरुको जगेर्ना गर्दै सिगों राष्ट्रकै पर्यटकीय स्थलको रुपमा विकास गर्न धार्मिक, सांस्कृतिक, मनोरञ्जनात्क एवं दृश्यावलोकन, कृषि पर्यटन क्षेत्रको गुरुयोजना बनाई प्रचार प्रसार गरिने छ ।

२४. पर्यटकीय सम्भावना,बोकेका गौरीटाप, चिसापानी डाँडा, फुर्के झण्डी डाँडा, आहाले डाँडा, कुन्तादेवी डाँडाँ, थाम डाँडाँ, ठाटी डाँडाँ, केशरी डाँडा जस्ता पर्यटकीय क्षेत्रको पहिचान, विकास तथा सम्बर्द्धन गरिने छ । सम्भाव्य टोलहरुमा होमस्टे घरबास कार्यक्रम अन्तर्गत पर्यटन प्रवर्धन कार्यक्रम् सञ्चालन गर्न अध्ययन गरिनेछ । कम्तिमा एउटा घरवास कार्यक्रमको शुरुवात गरिनेछ । जाल्पा गुफा, हावा आउने ओढार, सोलु दुधकोशी दोभान, दुर्लभ वेद तथा अन्य देवस्थलहरुको भौतिक पूर्वाधार निर्माण गरी पर्यटकीय स्थलको रुपमा विकास गरिनेछ ।

२५. धार्मिक, ऐतिहासिक, सामाजिक-सांस्कृतिक तथा पर्यावरणीय महत्वका मन्दिर, गुम्बा, चर्च, नदीनाला, वनजगंल आदिको संरक्षण एवं सम्बर्द्धन गर्ने कार्यक्रमहरु ल्याईनेछ ।
२६. कृषि उत्पादकत्वलाई वृद्धि गरी आय आर्जनमा टेवा पुऱ्याउने हेतुले नगदे बाली उत्पादन लाई प्रोत्साहन दिइनेछ ।
२७. एक घर एक उत्पादनलाई सार्थक तुल्याउन पहल गरिनेछ ।
२८. महंगी ,मुल्य बृद्धी नियन्त्रण तथा बजार अनुगमन प्रणालीलाई व्यवस्थीत बनाईने छ र यस्का लागि बजार अुनगमन निर्देशिका लागु गरीने  छ ।

*सामाजिक विकास :*

*अध्यक्ष महोदय, उपस्थित सदस्य महानुभावहरु,*

"**राष्ट्र निर्माणको आधार : गुणस्तरीय शिक्षा र आधुनिक शैक्षिक पूर्वाधार**" कार्यक्रम् मार्फत सीपयुक्त र गुणस्तरीय शिक्षाकालागि प्राविधिक तथा व्यवसायिक शिक्षालाई क्रमशः विस्तार आधुनिक शैक्षिक पूर्वाधार निर्माणका लागि पहल गरिनेछ । उत्कृष्ट विद्यालयहरु र शिक्षकहरुको छनौट गर्दै प्रोत्साहन स्वरुप सम्मान र पुरस्कार कार्यक्रमको शुरुवात गरिनेछ ।
१. गाउँपालिकाको  डिजिटल पाश्वचित्र निर्माण गरिनेछ ।
२. विकास निर्माणका सम्पुर्ण गतिविधिहरु लाई रेडियो तथा पत्रपत्रिका, फ्लेक्स र सामाजिक सञ्जाल मार्फत प्रचार प्रसार एवम जानकारी गराईनेछ ।
३. टेलिफोन तथा इन्टरनेट सेवाको पहुँच र गुणस्तर अभिवृद्धिका लागि आवश्यक पुर्वाधार निर्माण गर्न नेपाल टेलिकम , एनसेल लगायतका कम्पनीहरुसँग विशेष पहल गरिनेछ ।
४.  नेचासल्यान गाउँपालिकामा रहेका सबै विद्यालयहरुमा खेलकुद मैदान र विज्ञान प्रयोगशाला तथा स्कुल नर्सको व्यवस्था गर्न पहल गरिनेछ ।
५. गाउँपालिका भित्रका सबै अभिलेखहरु व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग गरिनेछ ।

६. योग्य र वरिष्ठ शिक्षकलाई नेतृत्व सुम्पियर विद्यालय प्रशासन तथा व्यवस्थापनलाई चुस्त दुरुस्त बनाउन प्र.अ. मिलान कार्य यथाशक्य सुदृढिकरण गरिनेछ ।
७. शिक्षाको अवधारणलाई कार्यमूलक बनाउदै बालमैत्री शैक्षिक वातावरण कायम गर्न शैक्षिक सरोकारवालाहरुसँग संयूक्त योजना सहित सहकार्य र समन्वयको नीति लिईनेछ ।
८. सञ्चालनमा रहेका विद्यालयलाई जनसंख्या तथा नक्साङ्कनका आधारमा स्तर वृद्धि गरिनेछ । विधार्थी शिक्षक अनुपात, भौगोलिक विकटता र स्थानीय सन्र्दभलाई विश्लेषण गरी विद्यालयहरुलाई व्यवस्थापन गरिनेछ ।
९. शिक्षा नियमावलीका  आधारमा विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, गाउँ, शिक्षा समितिको गठन गरी शैक्षिक विकासका कार्यक्रमहरुको कार्य योजना निमार्ण गरी कार्यान्वयन गरिनेछ ,

१०. विद्यालयलाई प्रदान गरिने विभिन्न अनुदान रकमहरुलाई लक्षित वर्ग सम्म पुऱ्याउन आर्थिक पारदर्शीताको नीति अवलम्बन गरिनेछ र विद्यालयको सामाजिक परिक्षणलाई अनिवार्य र प्रभावकारी बनाई कार्यन्वयन गरिनेछ ।

११. सरकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्य र समन्वयनमा विद्यालय बाहिर रहेका विद्यालय उमेरका बालबालिकाहरुको पहिचान गरी उनीहरुलाई औपचारीक शिक्षाको मूल प्रवाहमा समेट्न विभिन्न खालका सिर्जनात्मक र रचनात्मक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१२. बस्ती बस्तीमा निरक्षर जनसंख्याको पहिचान गरी अनौपचारीक शिक्षा सञ्चालन गर्न पहल गरिनेछ ।

१३. अनुमति प्रदान गरिएका विद्यालयहरुमा आवश्यक दरबन्दी प्रदान गर्न पहल गरिनेछ । शिक्षकहरुलाई प्रचलित शिक्षा ऐन नियमावली तथा कार्यविधिको सारभूत प्रावधानको प्रतिकुल असर नपर्ने गरी नेचासल्यान गाउँपालिका क्षेत्र भित्रका विद्यालयहरुमा आवश्यकता निर्धारण गरी विभिन्न विद्यालयहरुमा कामकाजमा खटाउन सकिनेछ ।

१४. नेचासल्यान गाउँपालिका अर्न्तगतका विद्यालयहरुलाई गाउँपालिका स्तरीय खेलकुद् तथा अतिरिक्त क्रियाकलाप संञ्चालन गर्न गराउन प्राथमिकता तथा प्रोत्साहन दिइनेछ ।

१५. नेचासल्यान गाउँपालिकामा रहेका सबै विद्यालय तथा बालविकास केन्द्रलाई स्तरवृद्धि गरी शिक्षकहरुलाई  क्षमता विकासको लागि सरोकारवालासँग आवश्यक पहल गरिनेछ ।

१६. सबै तहका परीक्षाहरु मर्यादित र व्यवस्थित गराइने छ । आधारभूत तहमा कक्षा ३, ५, ८  का परीक्षाहरु गाउँपालिकाबाट लिइने व्यवस्था गरिने छ । एस. इ. इ. दिने विधार्थीहरुलाई ट्यूसनको व्यवस्था र परीक्षा दिइसके पछि भविष्य लक्षित छलफल, अर्न्तक्रिया र विशेषज्ञबाट विभिन्न विषयका कक्षाहरु सञ्चालन गरिनेछ । कक्षा ११ र १२ का विद्यार्थीहरुलाई निःशूल्क गर्ने तर्फ अध्यान गरिनेछ ।

१७. मातृभाषामा अध्ययन, अध्यापन गर्न इच्छुक विद्यालयहरुलाई अन्य प्रोत्साहन गरिनेछ ।

१८. गाउँपालिका भित्र निर्माण गरिने संरचनाहरु मध्ये गुठी भवनहरु, सामुदायीक भवनहरु, मठ-मन्दिरहरु निर्माण गर्दा कम्तिमा २ रोपनी जग्गा भएकाहरुलाई मात्र अनुदान दिने व्यवस्था गरिनेछ ।

१६. शिक्षा क्षेत्रमा भएको लगानीको प्रतिफलमा प्रभावकारिता अभिबृद्धि गर्न सेवाको गुणस्तरमा थप सुधारको व्यवस्था मिलाइनेछ ।

१७. नेपाल सरकारले हरेक गाउँपालिकामा २५ शैयाको अस्पताल बनाउने कार्यक्रम लिए अनुरुप यस गाउँपालिकामा २५ शैयाको अस्पताल निर्माण गर्न पहल गरिनेछ ।

१८ गाउँपालिका भित्रका ७० वर्ष काटेका जेष्ठ नागरिकहरुलाई गाउँपालिकाकै स्वास्थ्य केन्द्रहरुमा निः शुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाईने छ । गाउँपालिका भित्र रहेका क र ख वर्गका अपाङ्गता भएका व्यक्तिहरुको विमा गर्दा व्यक्तिले तिर्ने विमाङ्क रकम गाउँपालिकाले तिर्ने व्यवस्था गरिनेछ ।

१९. **म स्वास्थ्य, मेरो गाउँपालिका स्वस्थ** लाई सार्थक तुल्याउन गाउँपालिकालाई पुर्ण खोपको सुनिश्चितता र दिगोपना कार्यक्रम, पूर्ण सरसफाईयुक्त बनाउनुका साथै बाल मृत्युदर तथा मातृमृत्युदर घटाउन गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न प्रोत्साहित गर्न महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई मासिक यातायात खर्च प्रोत्साहन बापत प्रदान गरिनेछ ।

२०. बहु-क्षेत्रीय पोषण कार्यक्रमलाई कार्यान्वयन गर्दै **सफा र स्वच्छ खानपान, नेचासल्यानको शान** भन्ने मूल नारालाई स्थापित गरिनेछ । युवायुवती र किशोरकिशोरीहरुका लागि यौन तथा प्रजनन स्वास्थ्य, एच.आइ.भि, एड्स शिक्षा लगायत सरुवा रोगहरुको नियन्त्रणका लागि प्रचारप्रसार लगायतका सचेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ । साथै बर्थिङ्ग सेन्टरहरुको सेवा दिने कर्मचारीहरुको मनोबल उच्च बनाउन थप प्रोत्साहन बापत यातायात खर्च उपलब्ध गराइने छ ।

२१. सामाजिक तथा सांस्कृतिक विविधतायुक्त यस क्षेत्रमा सहअस्तित्वको आधारमा स्वस्थ सामाजिक सम्बन्ध विकास गर्न “**सांस्कृतिक रुपान्तरण र सामाजिक सुधार,सभ्य समाज र संस्कारयुक्त परिवार**” भन्ने नाराका साथ सबै प्रकारका भेदभावको अन्त्य गरी समावेशीकरणको माध्यमबाट समानता र सामाजिक न्याय कायम गरिने छ ।

२२. स्वच्छ खानेपानीमा नागरिकको पहुँच अभिबृद्धि गरिनेछ । नेचासल्यान गाउँपालिका भित्रका सबै पूरानो खानेपानी योजनाहरुको मर्मतसम्भार साथै चालु आयोजनाहरुमा प्रर्याप्त बजेटको व्यवस्था गरी योजना निर्माण तथा खानेपानी वितरणलाई आधुनिक एवं सर्वसुलभ बनाईनेछ ।

२३. नेचासल्यान गाउँपालिकाको बोसीम धनविरे मुहान भई नेचासल्यानको वडा नं. ३, ४ र ५ का उपभोक्ताहरु लाई प्रर्याप्त हुने गरी र खहरे खोला मुहान, नेचासल्यान वडा नं. २ नेवार गाउँ, वि. पि. पुरानो गाउँ खानेपानि आयोजनाको सम्भाव्यता अध्ययन गरी कार्यरम्भ गरिने छ साथै नेचासल्यानको खानेपानि व्यवस्थापनका लागि बृहत सम्भाव्यता अध्यन गरी गुरु योजना तयार गरिनेछ ।

*२४. लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला* सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । लाभग्राहीहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम सहज रुपमा प्राप्त गर्नको लागि घर-घर मा नै वितरण कार्यलाई जोड दिइने छ ।

२५. यस क्षेत्रमा रहेका दलित, अल्पसंख्यक, अपाङ्ग, महिला लगायत लक्षित वर्गका लागि सशक्तिकरण गर्ने खालका कार्यक्रमहरु ल्याइनेछ । लैगिक विभेदका कारण महिलाको स्थान समाजमा पुरुष भन्दा न्यून छ, उनीहरुलाई समाजको मुल धारमा ल्याउने, घरको निर्णय प्रक्रियामा महत्वपुर्ण भुमिका खेल्ने, आफुले संविधान तथा कानुनबमोजिम पाउने हक अधिकारबारे जानकारी गराउने लगायतका कार्यक्रमहरु सञ्चालन गरिनेछ । अवको विकास

अपांगमैत्री, वालमैत्री, महिलामैत्री बनाउने तर्फ **सामाजिक समावेशिकरणको** नीति अङ्गिकार गरिनेछ ।

२६. “**बालबालिकाहरु भविष्यका कर्णधार मात्र हैनन्, वर्तमानका साझेदार पनि हुन् ।**” भन्ने भनाईलाई आत्मासात् गर्दै बालअधिकारको संरक्षण र सम्वर्द्धनका लागि नेपाल सरकारले बिगत बर्षदेखि विभिन्न तहमा सञ्चालन गर्दै आएका अभियानहरुलाई जिम्मेवार र संवेदनशील भएर प्रवर्द्धन गर्दै लगिने छ ।

२७. अपांगता भएका बालवालिकाको लागि विद्यालयमा छात्रवृत्ति दिने, अपांगहरुलाई सरकारले दिने गरेको सामाजिक सुरक्षा वापतको रकम पाए नपाएको सम्बन्धमा खोजी गरी नपाएको खण्डमा पाउने व्यवस्था गरिनेछ । दलित समुदायलाई गरिँदै आएको सामाजिक विभेदको अन्त्य गर्ने खालका कार्यक्रमहरु सञ्चालनमा ल्याइनेछ साथै आदिवासी जनजाति तथा अल्पसंख्यकहरुलाई समेत विकासको मुलधारमा ल्याउन पहल गरिनेछ ।

२८. नेचासल्यान गाँउपालिका  क्षेत्रमा आफ्नो कार्यक्षेत्र बनाएका गैर सरकारी संघ संस्थाहरुलाई कार्यक्रम सञ्चालन गर्न उक्त संघ संस्थाहरुको कार्यक्रम, बजेट समय तालिका , कार्यक्रमको औचित्य, प्रभाव, अवसर, लाभान्वित क्षेत्र समेतको विश्लेषण र मूल्याङ्कन गरेर मात्र राय सहित स्वीकृति दिइनेछ ।

२९. नेचासल्यान गाउँपालिका क्षेत्रमा रहेका सरकारी निकायहरुको अनुगमन, नियमन र समन्वय कार्यलाई प्रभावकारी बनाइनेछ ।

३०. जनतमा गुणस्तरिय स्वास्थ्य सेवाहरुको प्रत्याभुत गर्न यस गाउँपालिका रहेका स्वास्थ्य संस्थाहरुमा आवश्यक पर्ने जनशक्ति व्यवस्थापन र परिचालनका लागि मानव संसाधन योजना तयार गर्न पहल गरिनेछ ।

३१. गाउँपालिकालाई पुर्ण सरसफाईको दिगोपनाको लागि पूर्ण सरसफाईका सुचकहरुको कार्यन्वयन र अनुगमन गरिनेछ । गाउँपालिकाका सबै वडा र बस्तिहरुमा खानेपानी तथा शौचालयहरुको अनुगमन तथा निरिक्षण गरिनेछ ।

३२. नेचासल्यान गाउँपालिका भित्र रहेका स्वास्थ्य चौकिहरुको स्तरबृद्धि गरि स्तरिय स्वास्थ्य सेवा उपलब्ध गराउन पहल गरिनेछ ।  वडा नं. १ वडा नं. ४ मा स्वास्थ्य चौकी स्थापनाका लागी पहल गरिनेछ ।  साथै आवश्यक स्थानमा गाउँघर क्लिनिकहरु स्थापना गरिनेछ । र वडा नं. ४ मा रहेको सामुदायिक अस्पताल अर्को व्यवस्था नभए सम्मका लागि गाउँपालिकाको व्यवस्थापनमा सञ्चालन गरिनेछ ।

३३. नेचासल्यान गाउँपालिकामा रहेका महिला स्वास्थ्य कार्यकर्ता तथा स्वास्थ्यकर्मीहरुको क्षमता बिकास सम्बन्धि आवश्यक तालिमको लागि सरोकारवाला निकाय सँग पहल गरिनेछ ।

३४. नेचासल्यान गाउँपालिका अन्तरगत रहेका सबै स्वास्थ्य संस्थामा कार्यरत जनशक्तिको पूर्ण अनुगमन गरि दरबन्दीमा रहेका कर्मचारिलाई अन्यत्र काजमा राख्ने नितिलाई निरुत्साहित गरिनेछ ।

३५. स्वास्थ्य क्षेत्रमा लगानी गर्न चाहने नीजि क्षेत्रलाई प्रोत्साहन गरिने छ ।

३६. महिला ,युवा ,अपाङ्ग तथा बाल अधिकारको सुनिश्चितताको लागि सरकारी र निजी क्षेत्रका सबै सरोकारवालासँग सहकार्य गरिनेछ ।

३७. लक्षित वर्गहरुको क्षमता बिकासको लागि आवश्यक कार्यक्रम तथा योजना बनाई कार्यन्वयन गरिनेछ ।

३९. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहिहरुको नयाँ नाम दर्ता, लगत कट्टा ,परिचय पत्र वितरण अनलाईन मार्फत गरी सबै वडा कार्यलयले प्रत्येक चौमासिकमा आ-आफ्नो वडा कार्यलयमा सार्वजनिक गरी गाउँपालिकामा सोको विवरण पेश गर्न लगाईनेछ ।

४०. आपतकालिन महिला र बालबालिका उद्धार कोषको स्थापना गरिनेछ ।

४१. विभिन्न लक्षित वर्गहरुलाई क्षमता विकासको लागि लैङ्गिक उत्तरदायि बजेटको तर्जुमा गरि कार्यन्वयमा ल्याइनेछ ।

४२. महिला तथा बालबालिका माथि हुने विभिन्न प्रकारको घरेलु हिंसाको निवारण गरिनेछ । बाल श्रम शोषण र वाल विवाहलाई पुर्ण रुपमा निरुत्साहित गर्दै साविकमा सञ्चालित बालमैत्रि सुशासनको अवधारणालाई कार्यन्वयन गर्ने कार्यलाई थप कार्यक्रम तर्जुमा गरी कार्यन्वयन गरिनेछ ।

४३. महिला तथा बाबालिकाको लागि आर्थिक, सामाजिक लगायत अन्य सशक्तिकरण र क्षमता विकासका कामहरु गरिनेछ ।

४४. अपाङ्गता तथा फरक क्षमता भएका व्याक्तिहरुलाई लक्षित गरि सार्वजनिक सरोकार रहने भौतिक संरचनाहरुको निर्माण गर्दा अपाङ्गमैत्रि संरचना निर्माणका लागि गाउँपालिका बाट आवश्यक कार्यक्रम तर्जुमा गरि कार्यन्वयन गरिनेछ ।

*पूवार्धार विकास :*

*अध्यक्ष महोदय, उपस्थित सदस्य महानुभावहरु,*

*१ ."सामाजिक-आर्थिक रुपान्तरणको आधार : सुलभ यातायातको पूर्वाधार"* लाई मुर्तरुप दिन हामीले हाम्रो भूगोलमा पूर्वाधार विकासको पहिलो शर्त सडक नै हो भन्ने कुरालाई हामी सबैले महशुस गरेका छौं । भौगोलिक जटिलतामा सहजीकरण गर्न सक्ने प्राविधिक ज्ञान, सिपको उच्चतम सदुपयोग गर्दै यस क्षेत्रका सडक पूर्वाधारलाई आधारभूत मापदण्ड अनुकुल व्यवस्थित एवम विकास गरिनेछ । प्रत्येक वडा केन्द्रहरु र गाउँपालिका केन्द्रमा स्तरीय सडक सञ्जाल विस्तार गरिनेछ । सदरमुकाम सल्लेरी बाट नेचासल्यान गाउँपालिकाको केन्द्र सम्मको रमिते-वरडाँडा- टारी-राईडाँडा - खहरे हुदैं नेचा विहीबारे सम्मको सडकको स्तरोन्नति गर्ने र कालोपत्रेका लागि निरन्तर पहल गर्ने, नेचा गैरी हुदैं तीनकन्या- नाम्लो - बिहीबारे तुइन्टार सम्मको सडक स्तरोन्नती गरिनेछ । ओखल्ढुंगाको वर्णालु-माम्खा-डाडाँगाऊँ-लेकखर्क-चिसापानी-फुर्के, गुराँसको फेद, राधा कृष्ण मन्दिर हुदैं कालिका आ. विद्यालयबाट सिंहदेवीस्थान पोखरे सगरमाथा चुर्पु सडकलाई निरन्तरता दिइनेछ । ख्याम्पु-डुड घुन्सा, सिमखर्क, बागखोर, पत्ताले र सिमखर्क, लेब्लु, गैरीटाप ट्र्याक ओपनलाई प्राथमिकता दिइनेछ । साथै अन्य गाउँपालिका भित्र स्तरोन्नती र ट्र्याक ओपनिङ्गलाई निरन्तरता दिइनेछ । एक वडा एक नयाँ वजार केन्द्रको अवधारणा अनुसार

वडा केन्द्रहरु र गाउँपालिका भवन निर्माणको जग्गाको व्यवस्था गरी भवन निर्माण तथा शहरी विकास व्यवस्थापन मापदण्ड, २०७२ अनुसार गुरुयोजना निर्माण गरिनेछ ।

अन्य गाउँपालिकाहरुसँगको समन्वयलाई .व्यवस्थित गर्न र वर्षात याममा समेत आवातजावत सहज र निरन्तर बनाउनका लागि चुर्पुघाट, तुइन्टार घाट, केराबारी घाट, ठुलो ढुंगा घाट,खहरे नम्लो सिरान घाट, खहरे कोदारे घाट लगायतमा सडक पुल निर्माण गर्न पहल गरिनेछ । सडक पहुँच विस्तार नभएका क्षेत्रहरुमा झोलुङ्गे पुल तथा ट्रस्ट पुलहरुको निर्माण एवं मर्मत सम्भारमा जोड दिइनेछ । साथै गाउँपालिकाका सडकहरुलाई पालिका सडक, कृषि सडक, ग्रामीण सडक र स्थानीय सडकका रुपमा वर्गीकरण गरी सडक क्षेत्र र चौडाइ तोकी व्यवस्थित गरिनेछ ।

२. अध्यारोमूक्त नेचासल्यान गाउँपालिका निर्माणका लागि निर्माणाधीन अवस्थामा रहेको तुइन्टार लघु जलविद्युत आयोजनालाई निरन्तरता दिई यथाशिघ्र १०० किलोवाट जलविद्युत उत्पादन गरी सम्पूर्ण नेचावासीको उज्यालोमा बस्ने चाहनालाई यसै वर्ष पूर्णता प्रदान गरिनेछ । त्रिवेणी लघु जलविद्युत आयोजनाबाट वडा नं. १ र २ का उपभोक्तालाई व्यवस्थित गरी विद्युत सेवालाई नेचासल्यान गाउँपालिकाको ५ नं. वडामा समेत पुऱ्याइनेछ । गाउँपालिकाभित्र विद्युतको सहज पहुँचका लागि राष्ट्रिय प्रशारण लाइनसँग जोड्न २२ के. भी.(किलो भोल्ट) विद्युतको प्रशारण लाईनको लागि सम्भाव्यता अध्ययन साथै कार्य प्रारम्भ गरिनेछ । गाउँपालिकाको क्षेत्र भई सोलु तथा दुधकोशी नदीबाट निर्माण हुने जलविद्युत आयोजनाहरुबाट पुरै गाउँपालिकाबासीलाई लाभान्वित हुने गरी यथाशक्य पहल गरिनेछ ।

३. “**सक्षम खेलाडी : प्रतिष्पर्धी खेलकुद**” कार्यक्रम् अर्न्तगत युवा खेलाडीहरुको शारीरिक र मानसिक स्वस्थ तन्दुरुस्त राख्न, सामूहिक भावनाको विकास गराउन र अनुशासित तथा मर्यादित जीवनयापन गर्न सिकाउने, सिर्जनशिल युवा शक्ति उत्पादन गर्ने उद्धेश्यले खेलकुद कार्यक्रम्लाई प्रोत्साहित गर्दै यस क्षेत्रको विकासको लागि खेलकुद पूर्वाधारको विकास गर्न **एक वडा एक खेल मैदान** निर्माण लाई निरन्तरता दिइनेछ ।

४. सडकको आकृति बिग्रने गरी मानव निर्मित समस्या खडा गर्न कार्य पूर्ण रुपमा निरुत्साहित गर्न विनियम, कार्यविधि र निर्देशिका बनाई लागु गरिनेछ ।

६. मूख्य सडक सञ्जालबाट टाढा भएका बस्ती प्राकृतिक सम्पदाहरु मूल्याङ्कन गरी झोलुङगे पुल ट्रष्टपुल को व्यवस्थापन गर्न र अवस्था अध्ययन गरी काठेपुल समेतको व्यवस्था गरिनेछ ।

७. खाद्यान्न उत्पादन हुने स्थानहरुमा भवन निमार्ण कार्यलाई निरुत्साहित गर्ने खालका क्रियाकलापहरु सञ्चालन गरिनेछ ।

८. नेचासल्यान गाउँपालिकामा रहेका बजारोन्मुख क्षेत्रमा सहरीकरण योजना सञ्चालन ल्याउन आवश्यक पहल गरिनेछ ।

९. नेचासल्यान गाउँपालिकामा रहेका ग्रामिण सडक सञ्जाल, पुल, पुलेसामा पर्ने व्यक्तिगत जग्गाहरुको लागत संकलन गरी कित्ताबाट गराउने नीति तर्जुमा गर्न पहल गरिनेछ ।

१०.गाउँपालिका भित्रका सबै वडामा कम्तिमा एक वटा पर्ने गरि सुरक्षित बस्ति विकास, जनता आवास कार्यक्रम संञ्चालन गर्न सम्भाव्यता अध्यान गरिनेछ ।

*वातावरण तथा विपद व्यवस्थापन :*

*अध्यक्ष महोदय, उपस्थित सदस्य महानुभावहरु,*

१."**दिगो र पर्यावरणीय विकास : हरियालीयुक्त बस्ती र सुरक्षित आवास**" कार्यक्रम् मार्फत प्राकृतिक स्रोतहरुको दिगो व्यवस्थापनका लागि समुदायलाई परिचालित गरिने छ । जैविक विविधताको संरक्षण गर्दै जलवायु प्रणालीलाई सन्तुलित बनाउन खाली र बाझो रहेका सार्वजनिक जग्गामा वृक्षारोपण गरिनेछ । सघन बस्तीहरुमा "**एक घर एक विरुवा : एक टोल एक उद्यान**" कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्दै हरित शहर निर्माणमा जोड दिइनेछ । जलवायु अनुकुलित विकास कार्यक्रमहरु सञ्चालन गरी हरित अर्थतन्त्रको प्रवर्द्धन गर्न पहल गरिनेछ ।। जलवायु परिवर्तनले विश्वलाई नै चुनौती दिइरहेको वर्तमान परिप्रेक्ष्यमा जलवायु परिवर्तनलाई तल्लो तहबाट नै सामना गर्ने खालका गतिविधीहरुलाई प्रोत्साहन गरिनेछ । यसका लागि जलवायु परिवर्तनसँग सम्बन्धित क्षेत्रमा कार्य गर्ने विभिन्न निकायसँग सहकार्य गरि अगाडि बढ्ने नीति अख्तियार गरिनेछ ।

२. भूकम्प पश्चातको पुनर्निर्माण र नवनिर्माण प्रक्रियामा प्रभावकारी सहभागिता एवं सहकार्य गरी पुन निर्माण प्रक्रियालाई तिब्रता दिईनेछ । विपद व्यवस्थापनमा क्षमता अभिबृद्धि गरिनेछ । भू-क्षय, बाढी, पहिरोलाई रोकथाम गर्न नेचासल्यान गाउँपालिकाको बीच हुदैं बहने खहरे खोलाबाट बालुवा, गिटी र ढुंगा अन्यन्त्र ठाउँमा विक्रि वितरण गरी ओसारपसार गर्ने कार्यलाई निरुत्साहित गरिनेछ ।

३. शहरीकरण सँगै विस्तार हुने फोहरमैलाको व्यवस्थापन गर्न स्यानिटारी ल्याण्डफिल्ड साईडको दिगो पहिचान गरी पूर्ण सरसफाई अभियान लगायत अन्य व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

४. दीगो वन व्यवस्थापन गरी वन क्षेत्रको उत्पादकत्व र वन पैदावारको उत्पादनको बृद्धि गरिनेछ ।

५. जैविक विविधता र जैविक स्रोतको संरक्षण लगायत वातावरणीय सेवा बाट प्राप्त लाभको न्यायोचीत वितरण सुनिश्चित गरिनेछ ।

६. जल तथा भूमिको संरक्षणको साथै भूमिको उत्पादकत्व वृद्धि गरी कृषि उत्पादन बढाउन सहयोग पुऱ्याउन जलाधार क्षेत्रको एकिकृत संरक्षण तथा व्यवस्थापन गरिनेछ ।

७. वनजन्य उद्योगको प्रवर्द्धन, उत्पादनको विविधिकरण र बजारीकरण मार्फत अर्थतन्त्रमा टेवा पुऱ्याउन वन क्षेत्रको दीगो विकास तथा संरक्षणमा नीजि क्षेत्रलाई आकर्षित गरिनेछ ।

८. जलवायू परिर्वतनबाट पारिस्थिकीय प्रणाली स्थानीय जनता र जिविकोपार्जनमा पर्न सक्ने प्रभावलाई कम गर्न न्यूनिकरण तथा अनुकुलका कार्यक्रम सञ्चालन गरिनेछ ।

९. वन व्यववस्थापनलाई थप पारदर्शी, जवाफदेही उतरदायी र समावेशी बनाई सक्षम बनाइनेछ ।

१०. जडिबुटि खेती संरक्षण तथा प्रशोधन गर्न व्यवसायिक नीति लिइनेछ ।

**११. स्वस्च्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण** व्यवस्थापन नीति कानुन तथा कार्यक्रम तर्जुमा नियम बनाइने छ ।

१२. वृक्षारोपन तथा हरियाली र हरित क्षेत्रको प्रवर्द्धन गरिनेछ ।

१३. हानीकारक पर्दार्थहरुको नियमन तथा नियन्त्रण गरिनेछ ।

१४. पानीका मुहानहरुको संरक्षण गरिनेछ ।

१५. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना जोखिम न्यूनिकरण सम्बन्धी कार्ययोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१६. विपद् व्यवस्थपन संघ, प्रदेश र स्थानीय समुदाय संघ संस्था नीजि क्षेत्रसँगको सहयोग समन्वय र सहकार्य गरिनेछ ।

१७. विपद् जोखिम क्षेत्रको नक्शांङ्कन तथा वस्तीहरुको परिचालन र स्थानान्तरण गरिनेछ ।

*सार्वजनिक सेवा तथा क्षमता विकास :*

*अध्यक्ष महोदय, उपस्थित सदस्य महानुभावहरु,*

१. गाउँ कार्यपालिकाको कार्यालयले आफु र आफ्नो मातहतका कार्यालयहरुमार्फत प्रवाह गर्ने सेवाको प्रभावकारिता, गुनासो व्यवस्थापन, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, नागरिक वडापत्र, सुचनाको हकको प्रत्याभूति, पारदर्शिता, जवाफदेहिता, भ्रष्टाचार निवारण लगायतका कार्यहरुमार्फत सुशासन अभिवृद्धि गर्ने खालका कार्यहरुलाई उच्च प्राथमिकताका साथ कार्यान्वयन गर्दै लगिनेछ । भ्रष्टाचारमा शून्य सहनशीलताको नीति अवलम्बन गरिनेछ ।

२. कर्मचारीहरुलाई "**बढी काम बढी सुविधा**"को सिद्धान्तअनुसार सेवा सुविधा उपलब्ध गराइने छ । यस गाउँपालिका तथा अन्तर्गत काम गर्ने कर्मचारीहरुको मनोबल उच्च राख्न कार्य जीवनको गुण अभिबृद्धि गर्ने वातावरण सिर्जना गरिनेछ । कर्मचारीहरुलाई कार्यस्थलमा बसी सेवा प्रवाह गर्ने तथा गाउँपालिकाको निर्णयहरुलाई अक्षरसः कार्यान्वयनमा ल्याउनका लागि तत्पर हुने अवस्थाको सिर्जना हुने वातावरण मिलाइनेछ ।

३. नेचासल्यान गाउँपालिकाको सबै विषयगत शाखा र इकाइहरु सञ्चालनका लागि छुटा छुटै कोठाहरुको व्यवस्थापन, विद्युतीय हाजिरी र सि. सि टि. भि. जडानको कार्य गरी विद्युतिय सुचना प्रणाली मार्फत सञ्चालन गरिनेछ ।

अन्य :

*अध्यक्ष महोदय, उपस्थित सदस्य महानुभावहरु,*

१. यस क्षेत्रको आन्तरिक साधन स्रोतको पहिचान गरिनेछ । राजस्वको दर भन्दा दायरामा जोड दिई आन्तरिक आय अभिबृद्धि गर्ने नीति लिईनेछ । राजस्व परिचालन तथा राजस्व चुहावट नियन्त्रणमा जोड दिइनेछ ।
२. आर्थिक वर्षको अन्त्यमा आएर असारे विकास गर्ने परिपाटीको अन्त्य गर्दै यस वर्षलाई ०७६ बैशाख मसान्त भित्रै सबै योजनाहरु सम्पन्न गरिसक्ने गरी नेचासल्यान गाँउपालिकाको बजेट कार्यान्वयन वर्षको रुपमा मनाइनेछ । यसको लागि तत्काल योजना बनाएर काम शुरु गरिनेछ ।
३. रोजगारी सिर्जनाका लागी विभिन्न सीप मुलक तालिम, लोकसेवा र शिक्षा सेवाका लगि तयारी कक्षा सिर्जनशिलका लागि साहित्यीक कार्यक्रम खेलकुद कार्यक्रमहरु क्रमश सञ्चालन गरिनेछ ।
४. सिचाई कुलो र मठ मन्दिर व्यवस्थापनका लागि ५०% लागत सहभागीतामा काम गर्ने नीति लिइनेछ ।
५ संघिय सरकार तथा प्रदेश सरकारको समन्वयमा विभिन्न क्षेत्रमा काम गर्नका लागि समपूरक कोष र विशेष कोषको व्यवस्था गरिनेछ ।
१८. संविधानद्धारा स्थानीय सरकारलाई दिइएको अधिकार क्षेत्रको कार्यान्वयनका निम्ति थप ऐन, नियम, निर्देशिका, कार्यविधिहरु निर्माण गर्दै सोहि अनुसार सेवा प्रवाह गरिनेछ ।
१९. न्यायिक समितिको कार्यक्षेत्र भित्र रहेका न्याय सम्पादन गर्नें विषयमा उच्च प्राथमिकताका साथ न्यायीक समितिको दक्षता वृद्धिकार्य गरिनेछ ।
२०. आगामी आर्थिक वर्षमा वडालाई सिलिङ तोक्दा भूगोल, जनसंख्या र संकलित राजस्वलाई आधार मानिनेछ ।

**धन्यवाद**